# नेपालमा विपद् व्यवस्थापनको लोकतान्त्रिकीकरण चुनौती र अवसरहरू

## २०७२ सालको नेपाल भूकम्पको १०औं वार्षिकोत्सवको अवसरमा तयार पारिएको

## कार्यशाला प्रतिवेदन

लेखकहरु
प्रेक्षा बिमली, निमेष ढुङ्गाना, नारायण अधिकारी

अनुवादक
दीपक मरहट्टा



*प्रेक्षा बिमली, निमेष ढुङ्गाना र नारायण अधिकारी, (२०२५)। प्राज्ञिक तथा अभियन्ताको सहकार्यबाट विपद्‌को लोकतान्त्रिक शासन पुनर्विचार २०१५ को नेपाल भूकम्पबाट सिकाइएका पाठहरूको पुनरावलोकन, काठमाडौं कार्यशाला प्रतिवेदन, अप्रिल २०२५।*

# १.पृष्ठभूमि

वि.सं. २०७२ साल वैशाख १२ र २९ गते (अप्रिल र मे २०१५) नेपालले दुईवटा विनाशकारी भूकम्पको सामना गऱ्यो। ती भूकम्पले ९,००० भन्दा बढी मानिसको ज्यान लिनुका साथै मुलुकमा ठूलो जनधनको क्षति हुनुको साथै र सामाजिक संरचनामा गहिरो असर पर्न गयो। यस महाविपत्तिले एकातिर नेपाल सरकारको विपद् व्यवस्थापन क्षमतामा रहेका कमजोरीहरूलाई छर्लङ्ग पारिदियो भने, अर्कोतिर यसले नागरिक स्तरमा नयाँ अभियानहरूलाई पनि जन्म दियो। यी अभियानहरूको मुख्य उद्देश्य भूकम्प प्रभावित नागरिकहरूका आवश्यकता र मागप्रति सरकार तथा सहयोगी संस्थाहरूलाई जवाफदेही बनाउनु थियो।

पछिल्लो दशकमा, अन्तर्राष्ट्रिय स्तरमा विपद्पछि सिर्जना हुने राजनीतिक अवसरहरूका विषयमा धेरै अध्ययन भएका छन्। नेपालको सन्दर्भमा पनि गरिएका अध्ययनहरू खासगरी भूकम्पपछिको राहत, पुनःस्थापना र पुनर्निर्माणको क्रममा पीडित समुदायका अधिकार र मागहरू के थियो र कतिसम्म सम्बोधन भए भन्ने विषयमा केन्द्रित रहेका छन् (उदाहरणका लागि, क्रफोर्ड र मोरिसन, २०२१; ढुङ्गाना र कोर्निश, २०२१; राज र गौतम, २०१५; श्रेष्ठ एट अल, २०१७)। नेपालमा भूकम्पपछि देखिएका लोकतान्त्रिक सुधारका प्रयासहरू अन्तर्राष्ट्रिय अनुभवसँग मेल खान्छन्। विभिन्न अध्ययनहरूले देखाएअनुसार, विपद्ले निम्त्याएको कठिन परिस्थितिले नै सबैलाई समेट्ने र न्यायपूर्ण व्यवस्थापनका लागि नयाँ राजनीतिक अवसरहरू सिर्जना गर्न सक्छ (लुफ्ट, २००९; टेकिन र डुरी, २०२१; ज़ू, २०१७)।

भूकम्प जस्ता प्राकृतिक प्रकोपहरूका सम्बन्धमा धेरै उच्चस्तरीय वैज्ञानिक अनुसन्धानहरू भएका छन्। यद्यपी, यी अनुसन्धानबाट प्राप्त महत्वपूर्ण जानकारी र ज्ञान विश्वविद्यालय र शोधकर्ताहरूको साँघुरो दायरामा मात्र सीमित रहन पुगेको छ। यसको प्रत्यक्ष असर विपद् जोखिम न्यूनीकरण (Disaster Risk Reduction – DRR) को क्षेत्रमा देखिएको छ। अनुसन्धानका प्रमाणहरूलाई प्रभावकारी रूपमा उपयोग गरी जोखिम न्यूनीकरणका प्रयासहरूमा सरोकारवालाहरूको पूर्ण र अर्थपूर्ण सहभागिता सुनिश्चित गर्न सकिएको छैन। Sendai Framework (सेन्डाइ फ्रेमवर्क; २०१५–२०३०) जस्ता अन्तर्राष्ट्रिय नीतिहरूले विपद् जोखिम न्यूनीकरणमा सबै पक्षको सहभागिता र पारदर्शी शासन प्रणालीमा जोड दिएका छन्। यही मर्मलाई आत्मसात् गर्दै नेपाल सरकारले पनि वि.सं. २०७२ को भूकम्पपश्चात् नीतिगत व्यवस्थाहरू गरेको छ (National Policy for Disaster Risk Reduction, 2018, p.8)। यद्यपि नीति र व्यवहारबीच तालमेलको कमीका कारण यी प्रयासहरूले सार्थकता पाउन सकेका छैनन्।

२०१५ को नेपाल भूकम्प सम्बन्धी 'विपद्को लोकतान्त्रिक सुशासन' कार्यक्रममा भएको छलफल

## २.कार्यशालाको बारेमा

यो प्रतिवेदन २०८२ साल वैशाख ९ गते (२२ अप्रिल २०२५) मा २०७२ सालको विनाशकारी नेपाल भूकम्पको दसौं वार्षिकोत्सवको अवसर पारेर काठमाडौंमा आयोजना गरिएको एउटा कार्यशालाबाट प्राप्त जानकारीमा आधारित छ।यसको शीर्षक नेपालमा विपद् व्यवस्थापनको लोकतान्त्रिकीकरण थियो। यो कार्यशाला प्राज्ञिक तथा अभियन्ताहरू (Scholar-activist) बीचका लागि एउटा साझा मञ्चका रूपमा संचालन गरिएको थियो। यो कार्यशाला डा. निमेष ढुंगाना (Humanitarian and Conflict Response Institute, University of Manchester) र Accountability Lab (एकाउन्टेबिलिटी ल्याब)का सहकर्मीहरू (नारायण अधिकारी, प्रेक्षा बिमली) बीचको लामो समयदेखिको अनुसन्धान सहकार्यको एक हिस्सा थियो। यस कार्यशालाको मुख्य उद्देश्य विपद्का घटनाहरूलाई "तल्लो तहबाट हेर्ने दृष्टिकोण " (a bottom-up account of disasters) (भ्यान बाभेल एट अल., २०२०)लाई केलाउनु थियो साथै २०७२ सालको भूकम्पमा प्रत्यक्ष संलग्न भएका र अनुभव गरेका विभिन्न सरोकारवालाहरूलाई आफ्ना भोगाइहरू बाँड्ने अवसर प्रदान गर्नु थियो। अनुभवबाट सिक्नु भनेको विपद्का अवस्थाहरू निम्त्याउने लामो समयदेखिका राजनीतिक कमजोरीहरूको व्यवस्थित र आलोचनात्मक अभिलेख तयार गर्नु पनि हो (फार्मर, २०११)। यस कार्यशालाले मुख्य रूपमा तीनवटा विषयमा छलफल गर्ने लक्ष्य राखेको थियो।

- विपद्पछिको तत्कालको प्रतिक्रिया (response) र त्यसपछिको पुनर्निर्माण (reconstruction) प्रक्रियामा देखिएका राम्रा पक्षहरू र कमजोरीहरू।
- जवाफदेही र सबैलाई समेट्ने (समावेशी) विपद् प्रतिक्रिया तथा पुनर्निर्माण प्रक्रियालाई सकारात्मक वा नकारात्मक रूपमा प्रभाव पार्ने सामाजिक, राजनीतिक र प्रशासनिक पक्षहरू।
- नेपालमा विपद्को लोकतान्त्रिक व्यवस्थापन सम्बन्धी अहिलेको बुझाइ र काम गर्ने तरिकालाई अझ राम्रो बनाउन सकिने व्यावहारिक र वैकल्पिक उपायहरू।



By The New York Times; satellite image by NASA/U.S.G.S. Landsat via Google Earth

यो कार्यशालामा विपद् व्यवस्थापनमा खटिएका अगुवा कार्यकर्ता, अधिकारकर्मी, राजनीतिज्ञ, पत्रकार, समुदायमा काम गर्ने युवा, अनुसन्धानकर्ता, साथै राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण (NDRRMA) र स्थानीय तहका कर्मचारीहरू लगायत विभिन्न पृष्ठभूमिका ३० जनाको सहभागिता थियो।

यो कार्यशालाको सुरुवात गर्दै, डा. निमेष ढुंगानाले विपद्का बेला लोकतान्त्रिक सिद्धान्त र यसको अभ्यासलाई कसरी जोगाउने र निरन्तरता दिने भन्नेबारे केही सैद्धान्तिक र अनुसन्धान केन्द्रित

विचारहरू राख्नुभयो। विशेषगरी, उहाँले विपद्मा सहभागितामूलक लोकतन्त्रको महत्त्वमा जोड दिनुभयो, जसले स्थानीय समुदायको आवाज र भूमिकालाई प्राथमिकता दिन्छ। उहाँका अनुसार, यस्तो लोकतन्त्रले सरकारी निकायहरूलाई सामाजिक र राजनीतिक कारणले निम्तिएका असमानता र तिनका असरहरूप्रति अझ बढी संवेदनशील र जवाफदेही बनाउन मद्दत गर्छ (ड्रेज र सेन, १९८९; टियरनी एट अल., २०२२)। डा. ढुंगानाले जवाफदेही विपद् प्रतिक्रियाका लागि युवा-नेतृत्वको सक्रियताका अवसर र चुनौतीहरूबारे एकाउन्टेबिलिटी ल्याबसँगको सहकार्यमा गरिएको अनुसन्धानका निष्कर्षहरू पनि प्रस्तुत गर्नुभयो (ढुंगाना, २०२०)।

त्यसपछि एकाउन्टेबिलिटी ल्याबका नारायण अधिकारीले अनुसन्धानकर्ता र अभियन्ताहरूको सहकार्यबाट विपद् को जवाफदेही र न्यायपूर्ण शासन प्रणालीलाई कसरी बलियो बनाउन सकिन्छ भन्नेबारे आफ्ना अनुभवहरू बाँड्नुभयो। उहाँले विशेषगरी २०७२ सालको भूकम्प र कोभिड–१९ महामारीपछिको समयमा एकाउन्टेबिलिटी ल्याबले चलाएका जवाफदेहिता अभियानहरूका अनुभव सुनाउनुभयो। यस क्रममा, उहाँले "Civic Action Teams" भनेर चिनिने सामुदायिक अगुवाहरूको महत्वपूर्ण भूमिकामा पनि प्रकाश पार्नुभयो। यी Civic Action Teams ले विपद्पछिका समस्या समाधान गर्न र प्रतिक्रियालाई अझ प्रभावकारी बनाउन सक्रियतापूर्वक काम गरेका थिए।

विपद्को लोकतान्त्रिक सुशासन' कार्यक्रममा सहभागीहरू

## २.१ कार्यशालाको विधि र छलफलका मुख्य विषय

कार्यशालामा सहभागीहरूलाई उनीहरूको प्रत्यक्ष अनुभव र सम्झनामा आधारित विचारहरू साझा गराउने उद्देश्यले चिन्तनशील पद्धति (Reflective Methodology) अपनाइएको थियो। सहभागीहरूले २०७२ सालको भूकम्पपछिको प्रतिक्रिया र पुनर्निर्माणमा आफूले भोगेका अनुभवहरू एक-अर्कासँग साटासाट गरे। कार्यशालाको पहिलो सत्रमा, सहभागीहरूलाई २०७२ सालको भूकम्पपछिको अनुभवका आधारमा "विपद्मा लोकतान्त्रिक ढंगले शासन गर्नुको अर्थ के हो, र त्यसका लागि के–के आवश्यक पर्छ?" भन्ने प्रश्नमाथि सोच्न लगाइएको थियो। यो छलफलले नेपालमा विपद् व्यवस्थापनलाई अझ प्रभावकारी र जनमुखी बनाउन के गर्न सकिन्छ भन्नेबारे नयाँ विचारहरू ल्याउन मद्दत गऱ्यो। यो कार्यशाला "च्याटम हाउस नियम" (Chatham House Rule) अनुसार सञ्चालन गरिएको थियो। यो नियमको मुख्य उद्देश्य कार्यशालामा भएका छलफलका निष्कर्षहरूलाई बाहिर कसरी जानकारी गराउने भन्नेबारे स्पष्ट दिशा-निर्देश दिनु हो। यस नियमअनुसार, कार्यशालाभित्र भएका सामान्य छलफलका विषयवस्तुहरूलाई बाहिर जानकारी गराउन सकिन्थ्यो, तर कसले के भन्यो भन्ने कुराको पहिचान भने खुलाउन पाइँदैनथ्यो। यदि आवश्यक परेमा, कुनै भनाइलाई उद्धृत गर्दा भनाइकर्ताको नाम उल्लेख नगरी गोप्य (anonymous) उद्धरणका रूपमा प्रयोग गर्न सकिन्थ्यो।

# ३.छलफलका मुख्य निचोडहरू

## ३.१ विपद् र अवसरहरू

सहभागीहरूले बताएअनुसार, २०७२ सालको वैशाखमा गएको भूकम्पले ठूलो मानवीय संकट ल्याए पनि, यसले विपद्को पूर्वतयारी लाई विपद् जोखिम न्यूनीकरण (DRR) बहसको केन्द्रमा ल्याउन एउटा नयाँ अवसर प्रदान गर्यो।यस विषयमा सहभागीहरूले भूकम्पपछि भवन निर्माण संहिताको कमजोर कार्यान्वयन र अव्यवस्थित सहरी निर्माणजस्ता विषयमा जनता र सञ्चारमाध्यमको चासो र निगरानी कसरी बढ्यो भनेर उदाहरणसहित बताए। अन्य सहभागीहरूले २०७२ सालको भूकम्पकै कारण नयाँ भवन आचार संहिता, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण रणनीतिक कार्ययोजना २०१५-२०३०, र विपद् व्यवस्थापनका लागि लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (GEDSI) एकीकृत ढाँचाहरू लागू भएको स्मरण गरे। यसका साथै, पुनर्निर्माणका प्रयासहरूमा एकरूपता र मानकीकरण (Standardization) ल्याउने उद्देश्यले राष्ट्रिय पुनर्निर्माण प्राधिकरण (NRA) को स्थापना भएको कुरा पनि उनीहरूले उल्लेख गरे।

फोटो: www.aljazeera.com

२०१५ को नेपाल भूकम्पपछि भग्नावशेषबीच महिलाहरू एकअर्कालाई सान्त्वना दिँदै

## ३.२ समुदायको भूमिका र डिजिटल प्रविधिको प्रयोग

भूकम्पपछिको तत्काल उद्धार तथा प्रारम्भिक पुनर्लाभका कार्यहरूमा स्वयंसेवक र स्थानीय समुदायले सक्रिय रूपमा भाग लिएका थिए। यसले उनीहरूको भूमिकालाई सार्वजनिक रूपमा उजागर (visibility) गर्यो , विशेषगरी सरकारी प्रतिक्रिया क्षमता अत्यन्तै सीमित देखिएको बेलामा उनीहरू नै 'पहिलो उद्धारकर्ता' हुन् भन्ने कुरा स्पष्ट भयो। जनसहभागिताको एउटा मुख्य उदाहरण डिजिटल प्रविधिहरूको प्रयोगमा देखियो। प्रभावित समुदायहरूको पहिचान गर्न र राहत सामग्री जुटाउनका लागि सामूहिक पहलबाट स्रोत संकलन (Crowdsourcing), तथ्यांक-चित्र (Infographics) र सामाजिक सञ्जाल जस्ता प्रविधिहरूको व्यापक प्रयोग भएको थियो। एक सहभागीले भनेअनुसार, यही भूकम्पले विपद् जोखिम न्यूनीकरणका (DRR) जारी पहलहरूमा डिजिटल माध्यमबाट चेतावनी दिने प्रणाली अपनाउन उत्प्रेरित गरेको थियो।

## ३.३ स्थानीय जवाफदेहितामा कमीकमजोरीहरू

२०७२ सालको भूकम्पले विपद् प्रतिक्रियामा जनसहभागितालाई बढावा दिएपनि, सहभागीहरूले तत्कालको प्रतिकार्यमा जवाफदेहिताको अभाव देखिएको कुरा सम्झना गरे। भूकम्पका बेला स्थानीय निकायहरूमा (जस्तैः वडा र नगरपालिकाहरू) निर्वाचित जनप्रतिनिधिहरू थिएनन्। यसले गर्दा, राहत कार्यको समन्वयमा लोकतान्त्रिक जवाफदेहीको हुने भन्नेमा कुनै स्पष्टता थिएन।एक सहभागीका अनुसार, यो "लोकतान्त्रिक शून्यता"(अर्थात् जनप्रतिनिधि नहुनुको अवस्था) २०७२ सालको भूकम्पपछि पनि कायमै रहेको छ। अहिले पनि, स्थानीय जनप्रतिनिधिहरूले आफ्ना मतदातालाई खुसी पार्नका लागि वातावरणीय जोखिमलाई बेवास्ता गर्दै विकास आयोजनाहरू स्वीकृत गर्ने गरेका छन्। यसको परिणामस्वरुप, बाढी र पहिरोजस्ता विपद्हरूको संख्या बढिरहेको छ।

अहिले आफ्ना मान्छेलाई मात्र खुशी पार्ने राजनीति (favoritism) ले गर्दा विपद्पछिको राहत वितरण समेत निष्पक्ष हुन सकेको छैन। एकजना सहभागीले हालैको विपद्मा राहत वितरण गर्दा भएको भेदभावको एउटा तितो अनुभव सुनाए। उनका अनुसार,

> एक स्थानीय नेताले "सरकारबाट आउने पैसा जनताले नै खाने हो" भन्दै राहतमा भएको अनियमिततालाई 'जनताको फाइदा' भनेर सही ठह्र्याउन खोजेका थिए।

यस्ता भनाइ र गतिविधिले विपद् व्यवस्थापन समिति तथा राष्ट्रिय आपत्कालीन कार्य सञ्चालन केन्द्र जस्ता महत्त्वपूर्ण निकायहरूको भूमिकामाथि गम्भीर प्रश्न खडा गरेको छ। यी निकायहरूले जोखिमलाई ध्यानमा राखेर काम गर्नु पर्ने हो, तर व्यवहारमा त्यस्तो देखिँदैन। यसले गर्दा एकातिर विपद्को समयमा प्राप्त गर्नु पर्ने सहयोग पाउन सकिएको छैन भने अर्कोतिर जनताको सरकारप्रतिको विश्वास घटेको छ। फलस्वरूप, समग्र प्रणालीप्रति नै मानिसमा अविश्वास र निराशाको भावना बढेको छ।

"भूकम्पपछिको परिस्थितिमा ALN द्वारा आयोजित सार्वजनिक सुनुवाइ" फोटो: **निमेष ढुङ्गाना**

## ३.४ विपद् प्रतिकार्यमा केन्द्रित शासन

सहभागीहरूले २०७२ सालको भूकम्प र अन्य भर्खरैका विपद्हरूबाट धेरै कुरा सिकाए पनि, नेपालको विपद् जोखिम न्यूनीकरण (DRR) समुदाय अझै पनि मुख्यतया प्रतिक्रियात्मक (emergency-centric) रहेको बताए। यसको अर्थ, विपद्को तयारीमा भन्दा पनि आपत्कालीन प्रतिकार्यमा नै बढी ध्यान केन्द्रित रहेको उनीहरूले जोड दिए। एक सहभागीले भर्खरै गएको २०८० (सन् २०२३) को जाजरकोट भूकम्पका बेला पर्याप्त तयारीको अभाव स्पष्ट रूपमा देखिएको बताए। उनका अनुसार भूकम्प पीडितहरूलाई अस्थायी आश्रयस्थलमा राखिएको थियो किनभने क्षतिको विस्तृत मूल्याङ्कन, पुनर्निर्माणका लागि आवश्यक दिशानिर्देश, र क्षतिपूर्तिको व्यवस्थापनमा ढिलाइ भएको थियो।

अर्को सहभागीले त, "भूकम्पका कारण शारीरिक रूपमा अशक्त भएका व्यक्तिहरूलाई सरकारले अझै पनि पहिचान गर्न र स्वीकार गर्न कुनै प्रयास गरेको छैन" भनेर सुनाए।

सहभागीहरूले विपद्को जोखिममा रहेका समुदायहरूले सामना गर्ने लामो समयसम्मका सामाजिक, राजनीतिक र आर्थिक जोखिमहरूलाई ध्यानमा राख्दै विपद्को तयारीमा बढी जोड दिनुपर्ने कुरामा जोड दिए।

## ३.५ राहत वितरणमा भ्रष्टाचार र अपारदर्शिता

सहभागीहरूले २०७२ सालको भूकम्पका बेला राहत तथा पुनर्निर्माणका लागि बाँडिएको राहतमा उच्च सरकारी अधिकारीहरू समेत संलग्न भई भ्रष्टाचारका घटनाहरू बाहिर आएको सम्झना गरे। नगद क्षतिपूर्तिसहितका राहत बाँडफाँटमा पारदर्शिताको कमीले थप समस्याहरू सिर्जना गरेको थियो। एक सहभागीका अनुसार, जब मानिसहरूको ध्यान आफ्ना व्यक्तिगत आवश्यकताहरू पूरा गर्नमा केन्द्रित हुन्छ, तब राहत सहायताको दुरुपयोग बढ्ने सम्भावना झनै धेरै हुन्छ।

उनी भन्छन्, "संकटको बेला मानिसहरूले सरकारलाई खासै प्रश्न गर्दैनन्, किनकि सबैको ध्यान मानवीय अवस्थासँग जुध्नमा केन्द्रित हुन्छ।" यद्यपि, यस्तो बेलामा पनि सार्वजनिक वित्त सँग सम्बन्धित धेरै कुराहरू पारदर्शी हुनुपर्छ। उदाहरणका लागि, राहत कोष कहाँबाट आइरहेको छ, बजेटको शीर्षकअनुसार खर्च कसरी भईरहेको छ, कार्यकारी स्तरका अधिकारीहरूलाई बजेटसम्बन्धी निर्णयबारे कसरी जानकारी गराइन्छ, र खरिद प्रक्रियामा पारदर्शिता जस्ता विषयमा स्पष्टता हुन आवश्यक छ।

**एक सहभागीले बताएअनुसार, सरकारी अधिकारीहरूले जनताको निगरानीलाई (publiic scrutiny) लोकतान्त्रिक सहभागिताको रूपमा नभई राहत वितरणमा बाधाको रूपमा लिने गरेका छन्।** राहत वितरणको चरणमा देखिएको पारदर्शिताको कमी र भ्रष्टाचारका आरोपहरूले गर्दा सरकारको नेतृत्वमा भइरहेको आवासीय घर तथा सार्वजनिक पूर्वाधारहरूको पुनर्निर्माण प्रयासमा जनताको अविश्वास बढेको छ।

"बौद्ध स्तूप भूकम्पपछि पुनर्निर्माण

फोटो: apimagesblog.com

## ३.६ सरकारको विपद् व्यवस्थापन क्षमतामाथि प्रश्न

२०७२ सालको भूकम्पले नेपालमा विपद् जोखिम न्यूनीकरण (DRR) सम्बन्धी नीति र कानुनहरूमा केही सुधार ल्याएको कुरामा सहभागीहरू सहमत भए पनि, उनीहरूले विपद्को तयारीका लागि सरकारको काम गर्ने क्षमतामा गम्भीर शंका व्यक्त गरे। सहभागीहरूले केही उदाहरणहरू पनि दिएर यसलाई स्पष्ट पारेका छन्। उनीहरूका अनुसार, विपद्को तयारीका लागि पर्याप्त आर्थिक श्रोतको कमी छ र सही तथ्याङ्क राख्ने प्रणाली पनि कमजोर छ। यी कुराहरूले सरकारसँग विपद् जोखिम न्यूनीकरणमा सहयोग पुऱ्याउने राजनीतिक इच्छाशक्तिको कमी भएको देखाउँछ। यसैगरी, २०७२ सालको भूकम्पका बेला लागू गरिएको "एकद्वार नीति" (One-Door Policy) बारे पनि छलफल भयो। सहभागीहरूले यो नीतिको मुख्य उद्देश्य विपद्मा गरिने सहयोगलाई एकरूपता दिनु, काम दोहोरिन नदिनु र सबैलाई जवाफदेही बनाउनु रहेको बताए। यद्यपि व्यवहारमा भने सरकारले लागू गरेको 'एकद्वार नीति' सफल हुन सकेन। यसका पछाडि मुख्य दुई कारण थिए:पहिलो, सरकारसँग स्रोतसाधनको उचित व्यवस्थापन गर्ने क्षमताको कमी थियो र उसले राहतका कामहरूमा समयमै समन्वय गर्न सकेन। दोस्रो, संस्थाहरूमा अनुभव टिकिरहन नपाउने समस्या, जसले सरकारको क्षमतालाई कमजोर बनायो। उदाहरणका लागि, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण (NDRRMA) मा पछिल्लो पाँच वर्षमा २७ जना सचिव फेरिएका छन्। यसरी छिटो-छिटो प्रमुख कर्मचारीहरू फेरिँदा संस्थाले विगतबाट सिकेका अनुभव र ज्ञान खेर जान्छन्। यसले संस्थाको काममा निरन्तरता हुन दिँदैन र विपद् व्यवस्थापनलाई प्रभावकारी बनाउन बाधा पुऱ्याउँछ।

## ३.७ स्थानीय नागरिक समाज संस्था (CSOs) लाई बेवास्ता

सहभागीहरूले नेपालमा विपद् व्यवस्थापनको क्षेत्रमा राज्यका निकायहरू र अन्तर्राष्ट्रिय गैर-सरकारी संस्थाहरूको बढी प्रभाव रहेको औंल्याए। विपद्पछि राहत परिचालनमा मात्र होइन, अधिकारमा आधारित र सबैलाई सहभागी गराउने विपद् राहत तथा पुनर्स्थापनाका सम्भावनाहरू बढाउनमा स्थानीय नागरिक समाज संस्थाहरूले खेल्ने महत्त्वपूर्ण भूमिकालाई भने कमै ध्यान दिइएको छ। **उदाहरणका लागि, एकाउन्टेबिलिटी ल्याब नेपालले आफ्नो सञ्जालमार्फत "Civic Action Team" नामक एक समुदायमा आधारित नमुना सफलतापूर्वक प्रयोग गऱ्यो।** यसले समुदाय र सरकारबीचको सूचनाको कमीलाई पूरा गर्न र तल्लो तहमा नागरिक सक्रियता बढाउन मद्दत गऱ्यो। यद्यपि, अधिकांश नागरिक समाज संस्थाहरूलाई विशेषगरी राहत वितरणमा प्रभावकारी रूपमा काम गर्न गाह्रो भएको छ। यसको मुख्य कारण सरकार र ठूला गैर-सरकारी संस्थाहरूबाट स्रोतहरू प्राप्त गर्ने प्रक्रिया झन्झटिलो र ढिलो हुनु हो। एक सहभागीले गुनासो गर्दै भने,

> “जुनबेला बिपद् पछिको प्रतिक्रियाका लागि हाम्रो प्रस्ताव स्वीकृत हुन्छ, त्यो बेलासम्म समुदाय प्रायः पुनर्स्थापना चरणमा पुगिसकेको हुन्छ जसले गर्दा जनताले आवश्यक परेको सहयोग पाउन सक्दैनन र सम्पूर्ण प्रयास खेर जान्छ।

कार्यशालाको दोस्रो भाग नेपालमा विपद्को लोकतान्त्रिक शासनतर्फ केही व्यावहारिक विकल्पहरू पहिचान गर्नमा केन्द्रित थियो।

"संखुमा समुदाय नेतृत्वमा भएको पुनर्निर्माण"

फोटो: निमेष ढुङ्गाना

# ४.सिफारिसहरू

## ४.१ विपद् जोखिम न्यूनीकरणमा सहभागिता र स्थानीयकरणमा सुधार

नेपालका अहिलेका सरकारी नीति तथा नियमहरूले विपद् जोखिम न्यूनीकरण (DRR) मा स्थानीय समुदाय र सरकारी निकायहरूको भूमिकालाई स्वीकार त गर्छन्, तर व्यवहारमा उनीहरूको संलग्नता धेरैजसो तत्काल राहत वितरणमा मात्र सीमित छ। कार्यशालाका सहभागीहरूले विपद् व्यवस्थापनका विभिन्न चरणहरू: तयारी, प्रतिक्रिया, पुनर्स्थापना र पुनर्निर्माणमा स्थानीय समुदायहरूको, विशेषगरी महिला, अपाङ्गता भएका व्यक्तिहरू, ज्येष्ठ नागरिक लगायतका सीमान्तकृत समुदायहरूको, सशक्त र निरन्तर सहभागिताका लागि जोड दिए।यसका लागि निम्न कुराहरू आवश्यक छन्:

- विपद् जोखिमको सामूहिक बुझाइ विकास गर्ने।
- विपद्सँग जोडिएका लामो समयसम्मका सामाजिक-राजनीतिक जोखिमहरूलाई (socio-political vulnerabilities) सम्बोधन गर्ने।
- माथिबाट तल आउने (top-down approaches) तरिकाहरूबाट बाहिर निस्केर जनताको सहभागिताका लागि अर्थपूर्ण ठाउँहरू सिर्जना गर्ने।

विपद् जोखिम न्यूनीकरणतर्फ दीर्घकालीन दृष्टिकोण अपनाउनु भनेको विपद् तयारीलाई आधारभूत मानव अधिकारको रूपमा स्वीकार गर्नु पनि हो (rights-based approach to DRR)। सार्वजनिक सहभागिताले 'उत्तम पुनर्निर्माण' (building back better) र 'उत्थानशील समुदायहरू' (resilient communities) जस्ता विश्वव्यापी रूपमा प्रचार गरिएका अवधारणाहरूको नेपाली सन्दर्भमा तिनीहरूको सान्दर्भिकता र प्रयोगको गम्भीरतापूर्वक जाँच र छलफलमा पनि ध्यान केन्द्रित गर्नुपर्छ।
यद्यपि, सार्वजनिक सहभागिता, स्थानीय सरकारहरूको क्षमताबाट अलग छैन। **२०७२ सालको भूकम्पले विपद् जोखिम न्यूनीकरण (DRR) को लोकतान्त्रिकीकरण गर्नका लागि स्थानीय सरकारहरूलाई थप अधिकार र स्रोतहरू प्रदान गर्नु आवश्यक छ भन्ने कुरा स्पष्ट पार्यो।** यसमा विपद् जोखिम पहिचान गर्ने, स्रोत परिचालन गर्ने र स्थानीय गुनासोहरू सम्बोधन गर्ने कार्यमा उनीहरूको ठूलो भूमिका हुनुपर्छ। एक सहभागीले जोड दिएअनुसार, स्थानीय सरकारहरूलाई सन्दर्भ-विशेष सामाजिक सुरक्षाका कार्यक्रमहरू विकास गर्न र वितरण गर्न पनि सशक्त बनाउनुपर्छ।

## ४.२ पारदर्शिता र जवाफदेहिता

नेपालका अग्रणी विपद् विज्ञ अजय दीक्षितका अनुसार जवाफदेही शासन भनेको विपद् व्यवस्थापनलाई तार्किक निष्कर्षमा पुऱ्याउने बाटो हो (दीक्षित, २०१६)। विपद् प्रतिकार्य केवल भौतिक राहत र सहायता प्रदान गर्नुमा मात्र सीमित हुनु हुँदैन। यसले विपद् व्यवस्थापन चक्रका सबै चरणमा जवाफदेहिता र पारदर्शिताको एउटा बलियो संयन्त्र पनि सुनिश्चित गर्नुपर्छ। आपत्कालीन नियन्त्रण गर्ने नाममा राहत सहायताका बारेमा जान्न पाउने जनताको अधिकारलाई (right to information) कुण्ठित गरिनु हुँदैन। योजना, कार्यान्वयन र पुनर्लाभिमा संलग्न सबै सरकारी तथा गैर-सरकारी पक्षहरूले आफ्नो राहत कोष, चन्दा र सहयोग संकलन, तत्काल प्रतिकार्य संयन्त्र, र गुनासो सुन्ने संयन्त्रको उपलब्धता तथा त्यसमा पहुँचजस्ता विषयमा जनतालाई जानकारी गराएर खुलापन सुनिश्चित गर्नुपर्छ। भ्रष्टाचार र सार्वजनिक स्रोतको दुरुपयोगको जोखिमलाई सम्बोधन गर्न, सरकारका सबै तहमा विपद्का लागि छुट्टै बजेट शीर्षक/संकेत (dedicated disaster budget codes) प्रयोग गर्नुपर्ने एउटा ठोस सुझाव दिइएको थियो। यस्तो संकेतले विपद्-सम्बन्धी खर्चको राम्रोसँग लेखाजोखा राख्न र पारदर्शिता बढाउन मद्दत गर्नेछ। साथै, यसले भविष्यका लागि अग्रिम योजना बनाउन र विगतका कामको जवाफदेहिता सुनिश्चित गर्न दुवैमा सघाउ पुऱ्याउनेछ। जनसहभागिता बढाउनका लागि मात्र नभई विपद् जोखिम न्यूनीकरण (DRR) मा जवाफदेहिता र पारदर्शिता सुधार गर्नका लागि पनि स्थानीय नागरिक समाज संस्थाहरूको भूमिकामा विशेष ध्यान दिनुपर्छ।

"आवास पुनर्निर्माणको तथ्यांक-आधारित अनुगमन सम्बन्धी कार्यशाला" फोटो: **निमेष ढुङ्गाना**

## ४.३ स्थानीय विपद् जोखिम न्यूनीकरण क्षमतामा लगानी

विपद्को समयमा सबैभन्दा पहिले प्रतिक्रिया जनाउने प्रायः स्थानीय सरकार र समुदाय नै हुन्। त्यसैले, उनीहरूको काम गर्ने क्षमतामा लगानी गर्नु र त्यसलाई बढाउनु अहिलेको तत्कालको आवश्यकता हो।यस्ता उपायहरू अन्तर्गत: स्थानीय निकायहरूलाई विपद् प्रतिकार्य कोष परिचालन र व्यवस्थापन गर्न थप अधिकार दिने; नियमित तालिम तथा अभ्यासहरू आयोजना गर्ने; अद्यावधिक तथ्याङ्क राख्ने र समयमै मूल्याङ्कन गर्ने; संस्थाहरू र समुदायबीच प्रभावकारी सञ्चार माध्यम सुनिश्चित गर्ने जस्ता कुराहरू पर्छन्।

उदाहरणका लागि, 'राष्ट्रिय विपद् प्रतिष्ठान' (National Disaster Academy) जस्तो एक स्रोत-साधन युक्त तालिम केन्द्रको स्थापना गरी विपद् पूर्वतयारीमा ध्यान केन्द्रित गर्दा स्थानीय निकायहरूको काम गर्ने क्षमतालाई अझ बलियो बनाउन मद्दत पुग्छ। अहिले सशस्त्र प्रहरी बल (APF) द्वारा प्रदान गरिने तालिम धेरै महँगो भएको गुनासो छ, जसले गर्दा धेरै इच्छुक सहभागीहरू वञ्चित भएका छन्। एक सहभागीले भनेअनुसार, "तालिमको उच्च लागतले गर्दा इच्छुक प्रतिकार्यकर्ताहरूले तालिममा पहुँच पाउन सकेका छैनन्। विपद्को उद्धार र प्रतिकार्य तालिमहरू महँगा छन् र तालिम दिने संस्थाअनुसार यसको लागत फरक पर्छ। उदाहरणका लागि, आठ जनाको तालिमका लागि करिब छ लाख रुपैयाँ लाग्छ, त्यो पनि सीमित उपकरणसहित। सबैले यस्तो तालिम लिन सक्दैनन्।" राष्ट्रिय स्तरको प्रतिष्ठानले तालिम लिन चाहने प्रतिकार्यकर्ताहरूका लागि थप सस्तो र एकनासको सिकाइ अवसरहरू प्रदान गर्नेछ।

## ४.४ नागरिक केन्द्रित विपद् व्यवस्थापन प्रणाली

नेपालको विपद् व्यवस्थापन प्रणालीलाई बलियो बनाउन नागरिक समाज संस्थाहरू (CSOs) को भूमिकामा जोड दिनु र विपद्को पूर्वतयारी, प्रतिकार्य तथा पुनर्लाभका चरणहरूमा उनीहरूका लागि थप सहज वातावरण सिर्जना गर्नु आवश्यक छ। नागरिक समाज संस्थाहरूले प्रतिक्रियाको चरणमा गर्ने कामको साथसाथै विपद् व्यवस्थापनको समग्र चक्रमा नै योगदान दिन सक्छन् र दिनुपर्छ। नागरिक समाज संस्थाहरूले आफ्नो सञ्जाल प्रयोग गरी समुदायसँग जोडिन सक्छन्; जोखिमसम्बन्धी जानकारी आदानप्रदान गर्न सहजीकरण गर्न सक्छन्; नवीनतम प्रविधिको प्रयोग गर्न सक्छन् र सरकारको प्रयास अपर्याप्त भएका क्षेत्रहरूमा योगदान दिन सक्छन्।

एकाउन्टेबिलिटी ल्याब नेपाल जस्ता संस्थाहरूले सूचनाको कमी (information vacuum) पूरा गर्न र समुदायका आवाजहरूलाई प्राथमिकता दिन समुदायमा आधारित मोडलहरूको परिवर्तनकारी सम्भावना देखाइसकेका छन् तर, यसका लागि बृहत् प्रणालीगत सहयोगको आवश्यकता छ। यस अन्तर्गत स्रोतमा पहुँचको प्रक्रियालाई सहज बनाउने, सबैलाई समेट्ने समन्वय संयन्त्र सुनिश्चित गर्ने, काम गर्नका लागि सहज वातावरण सिर्जना गर्ने, लोकतान्त्रिक विपद् सुशासनमा नागरिक समाज संस्थाहरूलाई औपचारिक रूपमा मुख्य पक्षको रूपमा मान्यता दिने जस्ता कुराहरू पर्छन्।

गुम्सीपाखाको एकीकृत बस्ती

## ४.५ विपद् सम्बन्धी अनुसन्धान र ज्ञान आदान-प्रदानलाई प्रवर्द्धन गर्ने

नेपालमा विपद् प्रतिक्रियाबाट सिकिएका पाठहरूको सन्दर्भमा, विपद् जोखिम न्यूनीकरण (DRR) सम्बन्धी प्रयासहरूमा ज्ञानको ठूलो अभाव रहेको देखिन्छ। सहभागीहरूले गहिरो छलफल, अन्तर-विषयगत अनुसन्धान र संवादलाई सम्भव बनाउने ज्ञान आदान-प्रदान मञ्चहरूको (knowledge exchange platforms) तत्काल आवश्यकतामा जोड दिए। विपद् जोखिम न्यूनीकरणको ज्ञान केवल प्राज्ञिक र सरकारी अधिकारीहरूको मात्रै क्षेत्र हुनु हुँदैन। **एक सहभागीले उल्लेख गरेझैं, 'स्थानीय ज्ञान' (vernacular knowledges) लाई ध्यान दिँदै विपद् जोखिम न्यूनीकरण (DRR) सम्बन्धी ज्ञानलाई थप सबैको पहुँचमा (प्रजातान्त्रिक) बनाउन प्रयास गरिनुपर्छ।** यसको एउटा राम्रो उदाहरण रानीपोखरी र पाटनको पुनर्निर्माणको क्रममा गरिएका सार्वजनिक सुनुवाइहरू हुन सक्छन्। ती सुनुवाइहरूमा मौलिकता कायम राख्ने, सम्पदाको संरक्षण गर्ने र सांस्कृतिक मूल्यमान्यताको जगेर्ना गर्ने कुरामा विशेष ध्यान दिइएको थियो। सरकारले अनुसन्धानमा आधारित छलफल, तथ्याङ्क आदान-प्रदान र प्रसार जस्ता प्रणालीहरूमार्फत विपद् सम्बन्धी ज्ञानलाई जनतामाझ व्यापक रूपमा पहुँचयोग्य बनाउन ठोस प्रयासहरू गर्नुपर्छ। यसले विपद् जोखिम न्यूनीकरणलाई जनताप्रति थप पारदर्शी र जवाफदेही बनाउने प्रक्रियामा महत्त्वपूर्ण योगदान पुऱ्याउनेछ।

२०१५ को भूकम्पपछि आफ्नो ढलेको घरको भग्नावशेषमा काम गरिरहेकी एक महिला

फोटो: https://memento.epfl.ch

## ५. निष्कर्ष

२०७२ सालको भूकम्पलाई हामीले केवल ठूलो मानवीय पीडाको घटनाका रूपमा मात्र नभई, नेपालको विपद् व्यवस्थापन (disaster governance) सुधार गर्ने एउटा अवसरका रूपमा पनि सम्झनुपर्छ। यो कार्यशाला लोकतन्त्र (Democracy) र विपद्बीचको सम्बन्ध तथा विपद्को सम्झना (memories of disaster) बारे गरिएका नयाँ शैक्षिक अध्ययनहरूमा आधारित थियो। यसको मुख्य लक्ष्य विपद्ले ल्याउने चुनौतीपूर्ण अवस्थामा लोकतन्त्र (Democracy) लाई जोगाउँदा र बढाउँदा हुने फाइदाहरूबारे छलफल गर्नु थियो। यहाँ उल्लेख गरिएका छलफलका बुँदाहरू पूर्ण नभए तापनि, यी सहभागीहरूले विशेष गरी विपद्को समावेशी र न्यायोचित व्यवस्थापन सुनिश्चित गर्ने सन्दर्भमा औंल्याएका केही प्रमुख लोकतान्त्रिक कमीहरूका सूचक हुन्। यस कार्यशालाका सिफारिसहरूले अधिकार (rights ) र जनसहभागिता (participation) मा आधारित विपद् जोखिम न्यूनीकरण (DRR) दृष्टिकोणहरूलाई अगाडि बढाउन मार्गदर्शन गर्ने अपेक्षा गरिएको छ। यसले विपद् पूर्वतयारी र प्रतिक्रियाको अग्रपंक्तिमा रहेका स्थानीय समुदायहरूको विविध आवाज र भूमिकालाई मान्यता दिन्छ। कार्यशालाले ज्ञान आदानप्रदान मञ्चहरूको स्थापना र प्रवर्द्धनमार्फत विपद् ज्ञानको लोकतन्त्रीकरणका लागि थप प्रयासहरू गर्न पनि आह्वान गरेको छ।

हामी काठमाडौं कार्यशालाका सबै सहभागीहरूलाई आफ्नो विचार र अनुभवहरू उदारतापूर्वक साझा गरेकोमा धन्यवाद ज्ञापन गर्न चाहन्छौं। साथै, स्थल भ्रमण र अनौपचारिक भेटघाटहरूका क्रममा परामर्श गरिएका सबैलाई पनि उहाँहरूको अमूल्य योगदानका लागि हार्दिक आभार प्रकट गर्न चाहन्छौं।

## सन्दर्भ सामग्रीहरू


क्रेफोर्ड, जी., र मोरिसन, सी. (२०२१). समुदाय-नेतृत्वको पुनर्निर्माण, सामाजिक समावेशीकरण र भूकम्पपछिको नेपालमा सहभागिता। डेभलपमेन्ट पोलिसी रिभ्यू, ३९(४), ५४८–५६८। https://doi.org/10.1111/dpr12512

क्रेट्ने, आर. (२०१९). "आशा गर्ने र सपना देख्ने अवसर": विपद् राजनीति र समुदाय-नेतृत्वको पुनर्स्थापनाबाट सम्भावनाको उदय। एन्टिपोड, ५१(२), ४९७–५१६। https://doi.org/10.1111/anti.12431

ढुङ्गाना, एन. (२०२०). विपद्को सन्दर्भमा नागरिक समाज-संचालित सामाजिक जवाफदेहिताको अभ्यास: भूकम्पपछिको नेपालबाट प्रमाण। पोलिटिक्स एण्ड गभर्नेन्स, ८(४), ३९५–४०६। https://doi.org/10.17645/pag.v8i4.3154

ढुङ्गाना, एन., र कोर्निश, एफ. (२०२४). समुदायमा आधारित अनुगमन एक प्रारम्भिक चेतावनी प्रणालीको रूपमा: सरकार-संचालित COVID-19 प्रतिकार्यहरूमा जोखिमहरू पत्ता लगाउने र सामना गर्ने। नेट. हाजार्ड्स रेभ्यू.

फार्मर, पी. (२०११). भूकम्पपछिको हाइटी। पब्लिक अफेयर्स।

हेवर्ड, बी., र जोन्सन, एस. (२०२२). एक दशकका विपद्हरूबाट प्रजातन्त्रका लागि पाठहरू। एस. उकेसुसा, एस. म्याथ्युम्यान, र बी. सी. ग्लाभोविक (सम्पादकहरू), ओटाहुटाई क्राइस्टचर्चमा एक दशकका विपद् अनुभवहरू: महत्वपूर्ण विपद् अध्ययन दृष्टिकोणहरू (पृ. ३३५–३५१)। स्प्रिंगर नेचर। https://doi.org/10.1007/978-981-16-6863-0_16

लुफ्ट, आर. ई. (२००९). विपद् असाधारणताभन्दा बाहिर: तूफान क्याट्रिनापछि न्यू अर्लिन्समा सामाजिक आन्दोलनको विकास। अमेरिकन क्वार्टरली, ६१(३), ४९९–५२७। [suspicious link removed]

म्याथ्युम्यान, एस., र उकेसुसा, एस. (२०२१). विपद् सामुदायिकरणको सिद्धान्त। थियोरी एण्ड सोसाइटी, ५०(६), ९६५–९८४। https://doi.org/10.1007/s11186-021-09442-4

राज, वाई., र गौतम, बी. (२०१५). सङ्कटमा साहस: अप्रिल भूकम्पपछिको प्रारम्भिक उद्धार र राहत। मार्टिन चौतारी।

टेकिन, एस., र ड्रुरी, जे. (२०२१). सडक परिचालनका रूपमा मौन पदयात्रा: ग्रेनफेल टावर आगलागीपछिको अभियान। जर्नल अफ कम्युनिटी एण्ड एप्लाइड सोसियल साइकोलोजी, ३१(४), ४२५–४३७। https://doi.org/10.1002/casp.2521

संयुक्त राष्ट्र संघ. (२०१५). विपद् जोखिम न्यूनीकरणका लागि सेन्डाई फ्रेमवर्क २०१५—२०३० (पृ. ३७)। https://www.preventionweb.net/files/43291_sendaiframeworkfordrren.pdf

भ्यान बाभेल, बी., कर्टिस, डी. आर., डिज्कम्यान, जे., हन्नाफोर्ड, एम., डे केजर, एम., भ्यान ओनाकर, ई., र सोएन्स, टी. (२०२०). विपद् र इतिहास: विगतका समाजहरूको जोखिम र लचिलोपन। क्याम्ब्रिज युनिभर्सिटी प्रेस। https://doi.org/10.1017/9781108569743

विपद् जोखिम न्यूनीकरण राष्ट्रिय नीति, २०१८। (२०१८). नेपाल सरकार, गृह मन्त्रालय।

जु, बी. (२०१७). करुणाको राजनीति: सिचुआन भूकम्प र चीनमा नागरिक संलग्नता। स्ट्यानफोर्ड युनिभर्सिटी प्रेस।

दीक्षित, अजय. 2016. नेपालमा विपद्. ISET-N, Action Aid and Practical

Accountability Lab Nepal (ALN) ले सक्रिय नागरिक, उत्तरदायी नेतृत्व र जवाफदेही संस्थाहरू सँग हातेमालो गरेर शासन प्रणालीलाई जनताको लागि प्रभावकारी बनाउने प्रयास गर्छ। हामी विश्वव्यापी Accountability Lab नेटवर्कको एक हिस्सा हौं, जसको लक्ष्य जवाफदेही, समावेशी र प्रत्युत्तरदायी शासन प्रणाली निर्माण गर्नु हो।

ALN ले २०७२ को भूकम्पको समयमा समुदाय-आधारित प्रतिक्रिया (feedback) मोडेलको शुरुवात गरेको थियो, जसले "सूचना सहायता (information aid)" को आधार तयार गऱ्यो र संकटको समयमा समावेशी निर्णय प्रक्रियाको वकालत गऱ्यो। बील हाल पनि नागरिक नेतृत्वमा आधारित उपायहरू मार्फत समान र समावेशी शासन प्रणालीको प्रवर्द्धन गर्दै आइरहेको छ।

www.nepal.accountabilitylab.org

Humanitarian and Conflict Response Institute (HCRI), म्यानचेस्टर विश्वविद्यालयमा आधारित, मानवीय सहयोग, द्वन्द्व प्रतिकार, वैश्विक स्वास्थ्य, विपद् व्यवस्थापन र शान्ति निर्माणको अध्ययनका लागि प्रमुख केन्द्र हो। HCRI ले अनुसन्धान, शिक्षण र अभ्यासमार्फत नीति सुधार र संस्थाबीच समन्वय गर्न काम गर्छ। यसले संकटका बेला प्रभावकारी सहयोगका लागि ज्ञान र क्षमता विकासमा जोड दिन्छ।

www.hcri.manchester.ac.uk